# रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड

# Rasuwagadhi Hydropower Company Limited

महाराजगंज, काठमाण्डौ, नेपाल, फोन न. ०१-४३७१७४४, ४३७१७९४, फ्याक्स नं. ०१-४३७१७२५
इमेलः rghpcl@gmail.com, वेभसाइटः www.rghpcl.com.np

## Statement of Financial Position (Unaudited)

**As at 31 Ashad 2080 (16 July 2023)**

*Amount in NRS*

| Particulars | This Quarter Ending Ashad 2080 | Previous Quarter Ending Chaitra 2079 | Corresponding Previous Year Quarter Ending Ashad 2079 (Audited) |
|---|---|---|---|
| **Assets** | | | |
| **Non Current Assets** | | | |
| Property, Plant & Equipment | 177,402 | 140,047 | 149,333 |
| Intangible Assets | 198 | 110 | 129 |
| Capital Work in Progress | 18,949,753 | 18,284,456 | 16,639,977 |
| **Total Non - Current Assets** | **19,127,354** | **18,424,612** | **16,789,438** |
| **Current Assets** | | | |
| Inventory | 8,035 | 9,361 | 7,181 |
| Prepayments | 715 | 456 | 730 |
| Advances & Deposits | 983,274 | 921,302 | 393,807 |
| Cash & Cash Equivalents | 101,011 | 74,412 | 56,574 |
| **Total - Current Assets** | **1,093,036** | **1,005,531** | **458,292** |
| **Total Assets** | **20,220,389** | **19,430,143** | **17,247,731** |
| **Equity & Liabilities** | | | |
| **Equity** | | | |
| Share Capital | 6,842,100 | 6,842,100 | 6,157,890 |
| Retained Earnings | (337,546) | (328,554) | (285,498) |
| **Total Equity** | **6,504,554** | **6,513,546** | **5,872,392** |
| **Non - Current Liabilities** | | | |
| Long Term Loans | 12,524,029 | 11,738,508 | 9,938,110 |
| Other Non - Current Liabilities | | | 1,452 |
| Retentions Payable | 698,540 | 664,413 | - |
| **Total Non - Current Liabilities** | **13,222,569** | **12,402,921** | **9,939,562** |
| **Current Liabilities** | | | |
| Provisions | 22,273 | 14,717 | 20,593 |
| Short Term Loan | 424,876 | 454,876 | 753,274 |
| Trade and Other Payables | 46,117 | 44,083 | 661,910 |
| **Total Current Liabilities** | **493,266** | **513,676** | **1,435,777** |
| **Total Equity and Liabilities** | **20,220,389** | **19,430,143** | **17,247,731** |

**Unaudited Statement of Profit or Loss and Other Comprehensive Income**
**For the period ended Ashad 2080 (16 July 2023)**

| Particulars | This Quarter Ending Ashad 2079 | Previous Quarter Ending Chaitra 2079 | Corresponding Previous Year Quarter Ending Ashad 2079 (Audited) |
|---|---|---|---|
| **Income** | | | |
| Revenue from Sale of Electricity | - | - | - |
| **Expenses** | | | |
| Hydropower Plant Operating Expenses | - | - | - |
| Administrative Expenses | (32,317) | (30,153) | (26,963) |
| Depreciation | (5,277) | (1,520) | (4,642) |
| **Operating Profit/ (Loss)** | **(37,594)** | **(31,673)** | **(31,605)** |
| Interest Income | | | |
| Other Income/Expenses | (12,812) | (9,741) | (21,075) |
| **Profit / (Loss) before Tax and Bonus** | **(50,406)** | **(41,415)** | **(52,681)** |
| Employee Bonus | - | - | - |
| **Profit/ (Loss) before Tax** | **(50,406)** | **(41,415)** | **(52,681)** |
| **Less: Tax** | | | |
| Current Tax | - | - | - |
| Deferred Tax Income (Expense) | - | - | - |
| **Net Profit/ (Loss) For the Period** | **(50,406)** | **(41,415)** | **(52,681)** |

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६, उपनियम (१) को अनुसूची-१४ अनुसार**
**कम्पनीको आ. व. २०७९/०८० को चौथो त्रैमासिक प्रतिवेदन**

**१. वित्तीय विवरण**

(क) यस त्रैमासिक अबधिको अपरिस्कृत वासलात तथा नाफा/नोक्सान सम्बन्धी विवरणहरु यसै साथ संलग्न गरिएको छ ।

(ख) प्रमुख वित्तीय अनुपातहरुः

| क्रं. स. | विवरण | आ.व. २०७९/०८० को चौथो त्रैमासिक अवधिको | आ.व. २०७९/०८० तेश्रो त्रैमासिक अवधिको | आ.व. २०७८/०७९ चौथो त्रैमासिक अवधिको |
|---|---|---|---|---|
| १ | प्रति शेयर आम्दानी | (०.७४) | (०.८१) | (०.८६) |
| २ | मुल्य आम्दानी अनुपात | (४०७.२२) | (३८१.६३) | (३१९.००) |
| ३ | प्रति शेयर नेटवर्थ | ९५.०७ | ९५.२० | ९५.३६ |
| ४ | प्रति शेयर कुल सम्पति | २९५.५३ | २८३.९८ | २८०.०९ |
| ५ | तरलता अनुपात | २.२२ | १.९६ | ०.३२ |

* प्रति शेयर आम्दानीलाई वार्षिकिकरण गरिएको ।

**२. व्यवस्थापकीय विश्लेषण**

क) यस कम्पनीद्वारा रसुवा जिल्लाको गोसाइकुण्ड गाउँपालिका वडा नं. १ थुमन र वडा नं. २ टिमुरेको सिमाना हुँदै बहने भोटेकोसी नदिको पानी उपयोग गरी १११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत आयोजना निर्माण भइरहेको छ । आयोजना निर्माणको हालको समष्टिगत भौतिक प्रगति ९७% रहेको छ । आयोजनाको निर्माणलाई ३ लटमा विभाजन गरी कार्य अघि बढाइएको छ । जसमा लटः१ अन्तर्गत सिभिल तथा हाइड्रोमेकानिकल कार्य रहेको छ । सो कार्य ठेकेदार M/S China International Water and Electric Corp (CWE), China ले गरिरहेको छ भने लटः२ अन्तर्गतको इलेक्ट्रोमेकानिकल कार्य M/S Voith Hydro Pvt. Ltd, India ले गरिरहेको छ । त्यसैगरी लटः३ प्रशारण लाइन निर्माण अन्तर्गतको कार्य ठेकेदार मुडभरी एण्ड जोशी प्रा.लि.ले गर्दै आइरहेकोमा विविध कारणहरुले तोकिएको समय सम्ममा कार्य सम्पन्न नभएकोले पटक पटक ठेक्काको म्याद थप गरिएको भएता पनि निजबाट कार्य सम्पन्न हुने कुनै ठोस आधार नदेखिएको हुँदा निजसंगको ठेक्का अन्त्य गरी बाँकी कार्य सम्पन्न गर्न मिति २०७९/०४/२२ मा बोलपत्र आब्हानका लागि सार्वजनिक सूचना प्रकाशित गरिएकोमा न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्र दाता M/S Royal Construction Company (RCC) संग मिति २०७९ कार्तिक १५ (१ नोभेम्वर २०२२) मा ठेक्का सम्झौता भई निजबाट बाँकी रहेको Tower Foundation को कार्य सम्पन्न गरी टावर जडान (Tower Erection) को कार्य समेत सम्पन्नभई हाल Stringing को कार्य भइरहेको छ ।

यस कम्पनीको अधिकृत पूँजी रु. ७ अर्व र जारी पूँजी रु. ६ अर्व ८४ करोड २१ लाख रहेको छ । नेपाल विद्युत प्राधिकरणसंग आयोजनाको विद्युत खरिद बिक्री सम्झौता (PPA) गर्ने समयमा तयार पारिएको आयोजनाको लागत अनुमान (निर्माण अवधीको व्याज बाहेक) कूल रु. १३ अर्व ६८ करोड ४२ लाखलाई आधार मानी सो को ५०% स्वपूँजी र ५०% ऋण रहने गरी वित्तीय व्यवस्थापन गरिएको थियो । स्वपूँजी अन्तर्गत ५१% शेयर संस्थापक शेयरधनी समुहको र ४९% शेयर सर्वसाधारण शेयरधनी समुहको रहेको छ ।

संस्थापक शेयरधनी समुह अन्तर्गत नेपाल विद्युत प्राधिकरणको १८%, चिलिमे जलविद्युत कं. लि. को ३२.७९% र रसुवा जिल्लाका सम्बन्धित स्थानीय तहको ०.२१% शेयर स्वामित्व रहेको छ भने सर्वसाधारण समुह अन्तर्गत १९.५ प्रतिशत कर्मचारी सञ्चय कोषमा रकम जम्मा गर्ने सञ्चयकर्ता, ३.५ प्रतिशत संस्थापक संगठित संस्थाका कर्मचारी, १ प्रतिशत ऋण दाता संस्थाका कर्मचारी, १० प्रतिशत आयोजना प्रभावित क्षेत्र रसुवा जिल्लाका वासिन्दा र १५ प्रतिशत सर्वसाधारण (कम्पनीका कर्मचारीहरु समेत) शेयरधनीहरुको लागि छुट्याई बाँडफाँड गरिने व्यवस्था बमोजिम सो कार्य सम्पन्न गरिएको छ ।

उपरोक्त व्यवस्था बमोजिम हालसम्म संस्थापक समुहको ५१% र सर्वसाधारण समुहको ४९% गरी सम्पूर्ण (१००%) शेयर बाँडफाँड तथा बिक्री वितरण भए पश्चात कम्पनीको कूल चुक्ता पूँजी रु. ६ अर्व ८४ करोड २१ लाख कायम भएको छ ।

आयोजना निर्माणको लागि आवश्यक पर्ने सम्पूर्ण ऋण कर्मचारी संचय कोषबाट प्राप्त हुने गरी ऋण सम्झौता भई सोको परिचालन भईरहेको छ । कर्मचारी संचय कोषसंग भएको ऋण सम्झौताको शर्त बमोजिम ऋणको व्याज आयोजना निर्माण अवधिभर प्रत्येक ३-३ महिनामा पूँजीकरण गरिँदै आइएको छ । आ.व. २०८०/०८१ मा कर्मचारी संचय कोषबाट प्राप्त हुने ऋणको बार्षिक व्याजदर १०.५% रहेको छ ।

आयोजना निर्माणको क्रममा २०७२ सालको विनासकारी भुकम्प, सो पश्चातको नाकाबन्दी, प्रत्येक वर्षायाममा आयोजना क्षेत्रमा आइरहने ठूलो बाढी (flash flood) तथा पहुँच मार्गमा निरन्तर गइरहने पहिरो र पछिल्लो समय विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण जस्ता काबु बाहिरको परिस्थिति श्रृजना भई आयोजनाको निर्माण अवधि बढ्न गएको र यस अवधीमा विदेशी मुद्राको तुलनामा नेपाली मुद्रा अवमुल्यन भएको कारण समेतले गर्दा आयोजना निर्माणको लागत अनुमान बृद्धि हुन गएको छ । आयोजना निर्माणको पछिल्लो कार्य तालिका बमोजिम २०८० को असोज सम्ममा विद्युत उत्पादन गर्ने लक्ष्यको आधारमा तयार गरिएको संशोधित कूल लागत अनुमान (निर्माण अवधीको व्याज रकम बाहेक) करीव रु. १७ अर्व ५६ करोड हुने देखिएको ।

आयोजनाको निर्माण कार्य लक्षित अवधी (२०८० साल आषाढ मसान्त) सम्ममा सम्पन्न गर्न नसक्नुमा निम्न उल्लेखित काबु बाहिरको परिस्थितीहरु रहेका छन्ः

- विश्व व्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमणका कारण नेपाल सरकारबाट २०७६ साल चैत्र ११ देखि बन्दाबन्दी घोषणा भएबाट प्रभावित भएको आयोजनाको निर्माण कार्य विभिन्न निकायसंगको समन्वय पछि लट १Ÿ सिभिल तथा हाइड्रोमेकानिकल निर्माण कार्यका ठेकेदारबाट सिभिल निर्माण कार्य अगाडि बढाएको भएतापनि लट २Ÿ इलेक्ट्रोमेकानिकल निर्माण कार्यका ठेकेदारले कोभिड-१९ को कारण निजको देश (भारत) माहुन सक्ने बन्दाबन्दीको कारण देखाई २०७६ साल चैत्र ८ मा साइट कार्यालयबाट फिर्ता भएकोमा २०२१ मार्च अन्त्यबाट मात्र प्राविधिक तथा अन्य कामदार आयोजना स्थलमा आउन शुरु भएकोमा १ आषाढ २०७८ मा आएको ठूलो बाढीका कारण नोभेम्वर २०२१ बाट मात्र परिचालन भएको हुँदा निर्माण कार्य ढिला हुन गएको ।
- टेलरेस सुरुङ्गको चेनेज ०.५१४ देखि ०.६६० सम्मको १४६ मिटरको भाग अत्यन्त कमजोर भौगर्भिक (geology) अवस्थाको कारण सो को treatment गर्दै कार्य अगाडि बढाइएकोमा ३५ मिटरको भाग खुम्चिन गई निर्माण अवधि थप लम्बिन गएको ।
- १ आषाढ २०७८ (१५ जुन २०२१) मा भोटेकोशीमा आएको ठूलो बाढी (flash flood) निर्माणाधीन आयोजनाको टेलरेश सुरुङ्गबाट भुमिगत विद्युत गृहको तल्लो सतह (Valve Floor) भन्दा ७.५ मी. माथिसम्म पसि लेदोपानी र बालुवा जम्नुका साथै जडानको लागि राखिएका इलेक्ट्रिकल उपकरणहरु समेत डुबानमा परेको कारण निर्माण कार्य थप लम्बिन पुगेको ।
- पछिल्लो समय इलेक्ट्रोमेकानिकल अन्तर्गतको टर्वाइन साफ्ट र जेनेरेटर साफ्टमा समस्या आई सो को परिक्षणको लागि पुनः उत्पादन देश भारत लगिएको र परिक्षण पश्चात ९ मे २०२३ मा मात्र साइटमा आइपुगेकाले सो को जडान कार्य पूर्व तालिका भन्दा ढिलो हुने अवस्था श्रृजना भएको ।

**(ख) आगामी अवधिको व्यवसायिक योजनाका सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :**

माथि उल्लेखित कारणहरुबाट आयोजनाको पूर्व निर्धारित कार्यतालिका अनुरुप निर्माण कार्य हुन नसकेको र हालको संशोधित कार्यतालिका बमोजिम २०८० को असोजसम्ममा विद्युत उत्पादन गर्ने लक्ष्य रहेको छ । व्यापारिक विद्युत उत्पादन पश्चात रसुवागढी जलविद्युत आयोजनाबाट बार्षिक ६१ करोड ३८ लाख ७५ हजार युनिट विद्युत शक्ति उत्पादन भई यस कम्पनीलाई बार्षिक रु. ३ अर्व २५ करोड आम्दानी प्राप्त हुनेछ ।

**३. कानूनी कारबाही सम्बन्धी विवरणः**

(क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन,

(ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको छैन,

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषणः**

| शेयरको अधिकतम मूल्य (रु.) | शेयरको न्यूनतम मूल्य (रु.) | शेयरको अन्तिम मूल्य (रु.) | शेयर कारोबार रकम (रु.) | कारोबार शेयर संख्या | कारोबार भएको कूल दिन |
|---|---|---|---|---|---|
| ३७१/०० | २६१/६० | ३००/०० | ६९,७८,८०,६५३/- | २१,६७,८६१ | ६२ |

**५. समस्या र चुनौतीः**

यस कम्पनीबाट १११ मे.वा. क्षमताको रसुवागढी जलविद्युत आयोजनाको निर्माण कार्य भइरहेको छ । विनाशकारी भुकम्प, नाकाबन्दी र आयोजना निर्माण क्षेत्रमा हरेक वर्ष आइरहेको बाढी पहिरो तथा १ आषाढ २०७८ मा आएको बाढी भूमिगत बिद्युत गृहमा पसि जडानको लागि राखिएका इलेक्ट्रोमेकानिकल उपकरणहरु डुबानमा परेको लगायतका कारण सिभिल निर्माण र इलेक्ट्रोमेकानिकल जडान तर्फको कार्य समेत ढिलाई हुनगई समग्र कार्य प्रगतिमा असर परिरहेकोमा विश्व व्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को कारण आयोजना सम्पन्न मिति पछाडि धकेलिएको छ । साथै आयोजना स्थल वरिपरी पहिरोको जोखिम अधिक रहेकोले समय समयमा निर्माण कार्य अवरुद्ध भइरहेको छ ।

**६. संस्थागत सुशासनः**

कम्पनी ऐन २०६३, आयकर ऐन २०५८, धितोपत्र ऐन, २०६३ लगायत यस कम्पनीतर्फ आकर्षित हुने ऐन तथा नियमहरुको पालना गरिएको छ । कम्पनीमा संस्थागत सुशासन कायम गर्न संचालक समितिबाट लेखापरीक्षण समिति, आयोजना कार्यान्वयन अनुगमन समिति, पदपूर्ति समिति र जोखिम व्यवस्थापन तथा न्यूनिकरण उप-समितिहरुको गठन गरी भए गरेका कार्यहरुको अनुगमन तथा नियन्त्रण गर्ने गरिएको छ । कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आर्थिक प्रशासन तथा खरिद विनियामवली, कर्मचारी सेवा शर्त विनियमावली लगायतका अन्य नीतिहरु तथा कार्यविधिहरु निर्माण गरी संचालक समितिबाट स्वीकृत गराई लागु गरिएको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषणः**

आजकाो मतिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धताका सम्बन्धमा म संस्थागत तथा व्यक्तिगत रुपमा उत्तरदायी छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन्र लगानीकर्ताहरु सूसुचितभई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।